फो.नं.५६०५५८
५६०१२२

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश

प.सं. : ०७९/०८० (स्वास्थ्य)
च.नं. : ४४९

मिति :- २०७९।०५।२८

विषय : डेगु रोग नियन्त्रण तथा रोकथाम अभियान संचालन गर्ने बारे।

श्री सम्पूर्ण वडा कार्यालय
टीकापुर नगरपालिका, कैलाली।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न.९१ मिति २०७९।०५।२६ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७९।०५।२३ गते बसेको बैठकको निणर्यानुसार हाल नेपालमा बढ्दै गएको डेगु रोग नियन्त्रण तथा रोकथामको लागि स्थानीय तहले तपसिल अनुसारका कार्य गर्न गराउन जानकारी भई आएकाले सो अनुसार गर्न गराउन हुन अनुरोध गरिन्छ।

तपसिल :

१) "प्रत्येक शनिवार विहान दश बजे दश मिनेट" छुट्याई घरभित्र र बाहिर लामखुट्टेले फुलपार्ने ठाउँहरु "खोजौं र नष्ट गरौं" भन्ने नारा सहित राष्ट्रिय अभियान संचालन गर्ने। यो अभियान कार्यान्वयन गर्नको लागि स्थानीय जनप्रतिनिधिको नेतृत्वमा स्वास्थ्यकर्मीहरु, महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका, शिक्षक, पत्रकार, संघसंस्थाहरु तथा सम्पूर्ण सरोकारवाला निकायलाई स्थानीय तह मार्फत परिचालन गरी आ आफ्नो वडाका हरेक घरधुरीमा अभियान संचालन गर्ने।

२) सबै स्वास्थ्य संस्थाहरुबाट डेगुका बिरामीहरुको विवरण स्थानीय तह मार्फत स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखालाई नियमित प्रतिवेदन प्रेपित गर्ने।

.................
(प्रमिला बहादुर शाही)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत